नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

**मिति २०८२।१२।२२ गते जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकका निर्णयहरु**

१. यस अधिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा गरियो।

२. गर्मीको शुरुवात संगै जिल्लाका विभिन्न स्थानहरुमा आगलागी तथा मनसुनजन्य विपद्का कारण मानवीय तथा भौतिक सम्पत्तिमा क्षति हुन सक्ने हुँदा सो तर्फ सरोकारवाला सबै सजग रहँदै न्यूनीकरणका लागि देहाय बमोजिम गर्ने।

- स्थानीय विपद् व्यवस्थापन समितिलाई थप सकृय बनाइ जिल्ला विपद् व्यवस्थापन समितिसँग नियमित सम्पर्कमा रहने।
- दमकल नभएका स्थानीय तहहरुले यथासम्भव छिटो दमकल वा आगो निभाउने साधनको व्यवस्था मिलाउने।
- विपद् व्यवस्थापनमा प्रयोग हुने सामग्रीहरु तथा एम्बुलेन्स र दमकल आवश्यक मर्मत गरी तयारी अवस्थामा राख्ने र आवश्यक परेको बखत तत्काल प्रयोग गर्न सक्ने गरी व्यवस्थापन गर्ने।
- संचार क्षेत्रले जन चेतनामूलक कार्यक्रमहरुको प्रसारण गर्ने।
- आवश्यक सूचना आदान प्रदान गरी समन्वयात्मक रुपमा आवश्यक कार्य गर्ने।
- आगलागी भईहाले नियन्त्रणका लागि तत्काल परिचालित हुने र सुरक्षा निकायमा समेत खवर गर्ने।
- स्थानीय तहहरुले आगलागीबाट बच्न आवश्यक प्रचार/प्रसार गर्ने तथा सूचनामूलक जानकारी प्रसारण गर्ने व्यवस्था मिलाउने।

३. कृषकहरुले गहुँको ठूटीमा आगो लगाउने कार्यले आगलागीका अत्याधिक घटना घट्ने गरेको र वायु प्रदुषण समेत हुने हुँदा त्यस्तो कार्य हुन नदिन स्थानीय तहले बढी सकृयता देखाउने र आवश्यक परे नजिकको प्रहरी एकाईको समेत सहयोग लिने।

४. जिल्लाका विभिन्न स्थानहरुमा आगलागीका कारण हुन सक्ने विपद्जन्य घटना न्यूनीकरणका लागि सरोकारवालाहरुसंग छलफल गरी आगलागी नियन्त्रण सम्बन्धी कार्ययोजना, २०८२ स्थानीय तहबाट स्वीकृत गरी कार्यान्वयन गर्ने।

५. सुख्खा मौसममा वन जंगलमा हुने वन डढेलोलाई रोकथाम एवं नियन्त्रण गरी क्षति न्यूनीकरण गर्ने उद्देश्यले तयार गरिएको वन डढेलो रोकथाम, नियन्त्रण तथा व्यवस्थापन योजना २०८२, को प्रभावकारी कार्यान्वयनको लागि सामुदायिक वन, साझेदारी वन,डिभिजन वन कार्यालय, सुरक्षा निकाय र स्थानीय तह बीच आवश्यक समन्वय र सहकार्य गर्ने। डिभिजन वन कार्यालयले नियमित प्रतिवेदन गर्ने।

६. विपद प्रतिकार्य, राहत वितरण, शीघ्र पुनर्लाभ र विपद् प्रभावितको जीविकोपार्जनको पुनर्स्थापनाका लागि दिइने सबै प्रकारका राहत तथा सहायतामा आर्थिक रुपले विपन्न तथा सङ्कटासन्न व्यक्ति र परिवारको पहुँच सुनिश्चित गर्दै एकीकृत प्रणाली मार्फत छिटो, छरितो व्यवस्थित तथा प्रभावकारी रुपमा राहत उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारले जारी गरेको विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८२ सबै तह निकाय र संस्थाले समन्वयात्मक रुपमा प्रभावकारी कार्यान्वयन गर्ने।

७. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. १२७२ मिति २०८२।१२।१७ को पत्र बाट विपद् खोज उद्धार सामाग्रीहरुको विवरण माग भएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुबाट सम्बन्धित कार्यालयमा विवरण पठाउन पत्राचार गरिसकिएको हुँदा अविलम्ब सबै निकायले विवरण पठाउने।

८. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८२ लाई अद्यावधिक गरी विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८३ को मस्यौदा तयार गर्न र मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८२ लाई अद्यावधिक गर्न देहायको उपसमिति गठन गर्ने।

| | | | |
|---|---|---|---|
| १. | संयोजक | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय कपिलवस्तु। |
| २. | सदस्य | प्रहरी नायब उपरिक्षक | जिल्ला प्रहरी कार्यालय कपिलवस्तु। |
| ३. | सदस्य | सशस्त्र प्रहरी नायब उपरिक्षक | सशस्त्र प्रहरी बल नेपाल नं. २८ गण बर्मेली हे. क्वा कपिलवस्तु। |
| ४. | सदस्य | मन्त्री | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कपिलवस्तु। |
| ५. | सदस्य | प्रतिनिधि | गैह सरकारी संस्था महासंघ कपिलवस्तु। |

उक्त समितिले स्थानीय तह लगायत सम्वद्ध निकायबाट विवरण माग गरी Compile गर्ने।

२०८२।१२।२२
जनार्दन गौतम
... अधिकारी